आज मिति २०७९ साल पौष २१ गते बिहीवार नेपाल सम्वत ११४३ पोहेलाथ्व चर्तुदशी तिथी बिहान ११.०० बजे दोश्रो नगरसभाको बैठक ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यको उपस्थितीमा बसी देहाय वमोजिम छन् ।

## उपस्थिती

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख एवं नगर सभा अध्यक्ष | श्री चिरीबाबु महर्जन | |
| उप प्रमुख | श्री मन्जली शाक्य बज्राचार्य | |
| नगरसभा सदस्य | श्री निर्मल तण्डुकार | |
| नगरसभा सदस्य | श्री अञ्जना कार्की | |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन | |
| नगरसभा सदस्य | श्री हरिहर तण्डुकार | |
| नगरसभा सदस्य | श्री राजेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री सजिता नेपाली परियार | |
| नगरसभा सदस्य | श्री पूर्ण महर्जन | |
| नगरसभा सदस्य | श्री अलिश्मा डंगोल | |
| नगरसभा सदस्य | श्री अनिता पाण्डे विष्ट | |
| नगरसभा सदस्य | श्री श्रीगोपाल महर्जन | |
| नगरसभा सदस्य | श्री मिलन महर्जन | |
| नगरसभा सदस्य | श्री रुपेश थापा | |
| नगरसभा सदस्य | श्री गणेश कुमार रजक | |
| नगरसभा सदस्य | श्री रञ्जु तोलाङ्गी | |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री सन्तोष खड्का |
| नगरसभा सदस्य | श्री सुनिल कुमार राना |
| नगरसभा सदस्य | श्री कृष्णहरी थापा |
| नगरसभा सदस्य | श्री श्रद्धा थापा मगर |
| नगरसभा सदस्य | श्री मुना मग्राती |
| नगरसभा सदस्य | श्री बिकासमान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री पुनम निरौला |
| नगरसभा सदस्य | श्री शोभादेवी प्रधान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री अशोक कुमार श्रेष्ठ |
| नगरसभा सदस्य | श्री मञ्जु रिजाल |
| नगरसभा सदस्य | श्री रुपेन्द्रराज शाक्य |
| नगरसभा सदस्य | श्री सुमन महर्जन |
| नगरसभा सदस्य | श्री उमा वज्राचार्य |
| नगरसभा सदस्य | श्री सुनिल शाक्य |
| नगरसभा सदस्य | श्री कुल वहादुर महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र शाक्य |
| नगरसभा सदस्य | श्री शान्ति महर्जन |
| नगरसभा सदस्य | श्री बाबुरत्न महर्जन |
| नगरसभा सदस्य | श्री बिमला महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री पुनाल महर्जन |

निर्णय १,

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आव्हान गरिएको ललितपुर महानगरपालिकाको दोस्रो नगरसभा बैठक आज २०७९ पौष २१ गते विहान ११:०० बजे नगर प्रमुख श्री चिरीबाबु महर्जनको अध्यक्षतामा यल दरवार, शंखमुल, ललितपुरमा शुभारम्भ भयो ।

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति एक मिनेट मौनधारण पश्चात सभाका सचिव श्री गणेश अर्याल द्वारा नगरसभा सन्चालन (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा १२ वमोजिम बैठकमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनु भयो ।

ललितपुर महानगरपालिकाका उप-प्रमुख श्री मन्जली शाक्य वज्राचार्यज्यूको स्वागत मन्तव्य पश्चात ललितपुर महानगरपालिकाका प्रमुख एवं नगरसभाध्यक्ष श्री चिरीबाबु महर्जनज्यूवाट दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन भयो ।

निर्णय २,

सभाध्यक्षज्यूले दोस्रो नगरसभाको वैठकको कार्यसूची अनुसार आ.व.२०७९/८० का लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेट (रु.६,३५,३५,०३,०००। अक्षरुपी छ अर्व पैंतिस करोड पैतिस लाख तीन हजार) मा आषाढ मसान्तसम्मको हिसाव मिलान गर्दा थप हुन गएको रु.१,१५,००,००,०००। (एक अर्व पन्ध्र करोड) को पूरक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उप-प्रमुखज्यूलाई अनुमति भए वमोजिम उप-प्रमुखज्यूवाट रु.१,१५,००,००,०००। (एक अर्व पन्ध्र करोड) को पुरक वजेट तथा कार्यक्रम प्रस्तुत भयो । प्रस्तुत पुरक वजेट तथा कार्यक्रम उपर नगरसभा सदस्यहरुको जिज्ञासामा आवश्यक छलफल पछि तपसिल वमोजिमको पुरक वजेट तथा कार्यक्रम पारित गरियोस भनी सभाध्यक्षज्यूले राख्नु भएको प्रस्ताव नगरसभावाट पारित भयो ।

(रु.हजारमा)

**चालु आ.ब २०७९/८० को दोस्रो नगरसभामा प्रस्तुत बजेट विवरण**

**चालु तर्फ**

| सि नं | विवरण | विनियोजित बजेट-रु. | थप गर्नुपर्ने बजेट-रु. | जम्मा बजेट-रु. | थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक सम्मान कार्यक्रम नपुग रकम | ४५000.00 | १५000.00 | ६0000.00 | संख्या थप तथा गत वर्ष भन्दा रकम दोब्बर भएकोले |
| २ | मासिक विपन्न नागरिक उपचार खर्च (मासिक ५ हजार) शोधभर्ना हुने | | १0000.00 | १0000.00 | बजेट व्यवस्थापन नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठि दिवश तथा कार्यक्रम खर्च | १०००.०० | १०००.०० | २०००.०० | महानगर स्थापना लगायतका विशिष्ट व्यक्ति सम्मान कार्यमा थप खर्च भएकोले |
| ४ | शैक्षिक सम्मान तथा पुरस्कार | | १५००.०० | १५००.०० | विद्यालय तथा विद्यार्थिलाइ पुरस्कृतको लागि बजेट विनियोजन नगरिएकोले |
| ५ | भैपरी आउने तथा विविध खर्च | ११००.०० | ३५००.०० | ४६००.०० | चालु आ व मा ६० प्रतिशत भन्दा बढी खर्च भएकोले भैपरी तथा आकस्मिक खर्च हुने हुदा |
| ६ | इन्धन (सफाइ गाडी दमकल शववाहन समेत कार्यालय प्रयोजन ) | ३५०००.०० | ५०००.०० | ४००००.०० | मुल्य वृद्धि धैरै भएकोले |
| ७ | सामुदायिक विद्यालयका विद्यार्थिहरुका लागि दिवा खाजा कार्यक्रम (प्रति विद्यार्थि साविक रकममा रु १० थप ) | | १०५००.०० | १०५००.०० | नया थप कार्यक्रम |
| | | **चालु जम्मा** | ४६५००.०० | १२८६००.०० | |

(रु.हजारमा)

| **पुँजिगत तर्फ** | | | | | |
|---|---|---|---|---|---|
| सि नं | विवरण | | **थप गर्नुपर्ने बजेट-रु.** | **जम्मा बजेट-रु.** | **थप गर्नुपर्ने कारण** |
| १ | **सम्पदा क्षेत्रका संरचना मर्मत तथा जिर्णोदार** | | ७००००.०० | ७००००.०० | नयाँ थप कार्यक्रम |
| २ | सडक ढलान तथा फुटपाथ निर्माण | | ४००००.०० | ४००००.०० | नयाँ थप कार्यक्रम |
| ३ | Slaughter house का लागि जग्गा खरिद, ५ वडा कार्यालय भवन निर्माणको लागि जग्गा खरिदका लागि रु.३ करोड समेत | | २५००००.०० | २५००००.०० | नयाँ थप कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि जग्गा अधिग्रहण | | २५0000.00 | २५0000.00 | नयाँ थप कार्यक्रम |
| ५ | ब्लड बैंकको लागि सामाग्री व्यवस्थापन अनुदान | | ४000.00 | ४000.00 | नयाँ थप कार्यक्रम |
| ६ | पाटन म्युजियमभित्र शौचालय निर्माण | | १५000.00 | १५000.00 | नयाँ थप कार्यक्रम |
| ७ | स्वास्थ्य विमा कार्यक्रम व्यवस्थापन थप बजेट | | १0000.00 | १0000.00 | नयाँ थप कार्यक्रम |
| ८ | सडक स्तरोन्नति | | ३00000.00 | ३00000.00 | नयाँ थप कार्यक्रम |
| ९ | २९ वटै वडामा योगा कक्ष स्थापना (प्रति वडा ५ लाखका दरले) | | १४५00.00 | १४५00.00 | नयाँ थप कार्यक्रम |
| १० | सडक ओभरले | | २0000.00 | २0000.00 | नयाँ थप कार्यक्रम |
| ११ | सडक परामर्शदाता | | १0000.00 | १0000.00 | नयाँ थप कार्यक्रम |
| १२ | सार्वजनिक जग्गा (संरक्षण/ अध्ययन/ डि.पि.आर.समेत) | | ५000.00 | ५000.00 | नयाँ थप कार्यक्रम |
| १३ | सार्वजनिक भवन मर्मत तथा व्यवस्थापन | | १0000.00 | १0000.00 | नयाँ थप कार्यक्रम |
| | विषयगत समितितर्फ बाडफाड हुने रकम | | | १0५000 | |
| १ | पूर्वाधार विकास समिति | | ४५000.00 | ४५000.00 | नयाँ थप कार्यक्रम |
| २ | सामाजिक विकास समिति | | २0000.00 | २0000.00 | नयाँ थप कार्यक्रम |
| ३ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | | १५000.00 | १५000.00 | नयाँ थप कार्यक्रम |
| ४ | आर्थिक विकास समिति | | १0000.00 | १0000.00 | नयाँ थप कार्यक्रम |
| ५ | उद्योग, पर्यटन तथा संस्कृति संरक्षण समिति | | ५000.00 | ५000.00 | नयाँ थप कार्यक्रम |
| ६ | शहरी योजना व्यवस्थापन समिति | | ५000.00 | ५000.00 | नयाँ थप कार्यक्रम |
| ७ | सुशासन तथा संस्थागत विकास समिति | | ५000.00 | ५000.00 | नयाँ थप कार्यक्रम |
| | **पुँजिगत जम्मा** | | ११0३५00.00 | ११0३५00.00 | |
| | **चालु र पुँजिगत जम्मा** | | ११५0000.00 | १२३२१00.00 | |

निर्णय ३,

महालेखा परिक्षक कार्यालयवाट आर्थिक बर्ष २०७४/७५, २०७५/७६ र २०७७/७८ को अन्तिम लेखा परीक्षण हुंदा कायम गरेको विभिन्न बेरुजुहरु मध्ये कार्यालयले खर्च गर्दा सरकारलाई कुनै हानी नोक्शानी तथा हिनामिना नभएको, तोकिएको कार्य सम्पन्न भएको तर स्थानीय तहमा सम्वन्धित ऐन नियम, मार्गदर्शन तथा खर्चको मापदण्ड समय मै वन्न नसकेको कारणवाट अनियमित भनी कायम रहन गएको बेरुजु रकम आ.व. २०७४/७५ को रु.३५,७७,३५८।४३, आ.व.२०७५/७६ को ३२,००,४२०। र आ.व. २०७७/७८ को

१,७०,३१,४८१। गरी तपसिल वमोजिमको जम्मा रु.२,३८,०९,२५९।४३ (दुई करोड अड्तीस लाख नौ हजार दुई सय उनान्साठी रुपैंया त्रिचालीस पैसा) नियमित गरियोस भनी सभाध्यक्षज्यूले राख्नु भएको प्रस्ताव नगरसभावाट पारित भयो ।

| आर्थिक वर्ष २०७४।७५ | | | |
|---|---|---|---|
| सि न | विवरण | दफा | रकम |
| १ | भारतिय दुतावासवाट रकम सोधभर्ना प्राप्त नगरेको | ४६ | २५३०३.२३ |
| २ | भारतिय दुतावासवाट रकम सोधभर्ना प्राप्त नगरेको | ५८.३ | २६६२२५.२० |
| ३ | निर्माण व्यवसायीको कार्य सम्पादन जमानत पेश नभएको | ५८.५ | २७४७६५० |
| ४ | निर्माण व्यवसायीको कार्य सम्पादन जमानत त्रुटि सच्याउने अवधि सम्मको नभएको | १०३.३ | १४४०४०.०० |
| ५ | फोहरमैला आयोजनाको बजेटवाट वडा कार्यालय १६ को कोठा पार्टेसन गरी खर्च लेखेको | १०६.४ | ३९४१४०.०० |
| | जम्मा | | ३५७७३५८.४३ |
| आर्थिक वर्ष २०७५।७६ | | | |
| सि न | विवरण | दफा | रकम |
| १ | वडा भवन मर्मत शिर्षकको वजेटवाट रकमान्तर गरी जेष्ठ नागरिक अवलोकन भ्रमणमा खर्च गरेको | १५.३ | ५३९३४५। |
| २ | पूंजीगत शिर्षक वजेटवाट खरिद प्रकृया पुरा नगरी बाजा खरिद गरी खर्च लेखेको | १३.१९.१ | २०००००। |
| ३ | महानगरपालिका कार्यालयको वजेटवाट मालपोत कार्यालको कार्य प्रभावकारिता बृद्धि गर्न खर्च गरेको | १३.४ | २०९१०००। |
| ४ | लागत अनुमान तयारी तथा स्वीकृती विना श्रवदृष्य सामग्री प्रदर्शनमा खर्च गरेको | १३.२२ | २४८६०० |
| | जम्मा | | ३२००४२०। |
| आर्थिक वर्ष २०७७।७८ | | | |
| सि न | विवरण | दफा | रकम |
| १ | पालिकको स्वीकृती वेगर वडा समितिवाट रकमान्तर गरी तोकिएको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गरेको | ६२ | ११६७२७१२। |
| २ | भुक्तानी दिन बांकीको कच्चावारी वेगर गत आर्थिक वर्षको खर्च भुक्तानी गरेको | ३०.१ | १४०४७६९। |
| ३ | सडक तथा फुटपाथ निर्माण कार्य १२ प्रतिशतमात्र सम्पन्न भएको अवस्थामा सुपरभिजनको रकम सवै खर्च गरेको तथा निर्माण वजेटवाट सवारी साधनको खर्च लेखेको | २१.२ | ३८५४०००। |
| | जम्मा | | १७०३१४८१। |
| | कुल जम्मा | | २,३८,०९,२५९.४३ |

निर्णय नं. ४,

यस ललितपुर महानगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को लागी भएको विगतको पहिलो नगरसभावाट पारित आर्थिक ऐन, २०७९ मा तारे होटलहरुको EIA सिफारिस दस्तुर मात्र उल्लेख भई अन्य व्यापारिक/व्यावसायीक र ठुला भवनहरुको लागि सिफारिस दस्तुर छुट हुन गएको हुँदा दस्तुर वापत व्यापारीक/व्यावसायीक र ठूला भवनहरुको वातावरणीय प्रभाव मुल्यांकन (EIA) को हकमा रु.२५,०००/-, प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को लागि रु.१०,०००/- र संक्षिप्त वातावरणीय अध्ययन (BES) को लागि रु.५,०००/- कायम गर्न स्थानीय राजश्व परामर्श समिति र कार्यपालिकावाट दस्तुरका लागि सभामा पेश भएकोमा सभाध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव नगरसभावाट पारीत भयो ।

निर्णय नं. ५,

नगरसभामा विविध विषयमा उठेका जिज्ञासाहरुको जवाफ सहित सभाध्यक्षज्यूवाट दोश्रो नगर सभा वैठक सम्पन्न गर्न सहयोग गर्नु हुने उप-प्रमुख, नगरकार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, महानगरपालिकाका कर्मचारीहरु, नगर प्रहरी वल र पत्रकारहरुलाई धन्यवाद सहित दोश्रो नगर सभाको वैठक समापन भएको घोषणा गर्नु भयो ।